# मंगला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.: ४९३

गाउँ कार्यपालिकाको कार्यालय मंगला गाउँपालिका बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

मितिः २०७८/०८/२१

विषय : सूचना टाँस गरिदिने सम्वन्धमा ।

**श्री वडा कार्यालय सवै,**
**मंगला गाउँपालिका, म्याग्दी**

प्रस्तुत विषयमा **मतदाता नामावली संकलन विशेष कार्यक्रम २०७८** वमोजिम यस मंगला गाउँपालिकामा संचालन हुने मतदाता नामावली संकलन सम्वन्धी सार्वजनिक सूचना ताहाँ कार्यालय, सरकारी तथा गैर सरकारी संघ संस्थाको कार्यालय, विद्यालयहरु र वैंक तथा वित्तिय संस्थाहरुको कार्यालयमा सूचना टाँस गरि व्यापक प्रचार प्रसार गर्नु/गराउनु हुन अनुरोध छ ।

.......................
(मनोहर ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल


प.सं.: ०७८/०७९
च.नं.:

मिति: २०७८/०८/२१

विषय : सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको **मतदाता नामावली संकलन विशेष कार्यक्रम २०७८** वमोजिम देशव्यापी रुपमा मतदाता नामावली संकलन कार्य अन्तर्गत जिल्ला निर्वाचन कार्यालय, म्याग्दीको मिति २०७८/०८/१३ को सूचना अनुसार यस मंगला गाउँपालिका अन्तर्गतका ५ वटै वडा भित्रका यस अघि मतदाता नामावलीमा नाम समावेश नभएका र नेपाली नागरिकताको प्रमाणपत्र प्रास गरिसकेका नागरिकहरुले **मिति २०७८ मंशिर २९ गते देखि २०७८ पौष ०९ गते सम्म १० (दश) दिन** निम्नानुसारको कागजात सहित तपशिलमा उल्लेखित मिति, समय र स्थानमा मतदाता नामावलीमा नाम दर्ता गराउनु हुन अनुरोध छ । साथै यस अघि मतदाता नामावलीमा नाम दर्ता गराउनु भएकाहरुले मतदातामा रहेको **नाम, ठेगाना, मतदान स्थल, जन्म मिति, नागरिकता नं., वावुको नाम, आमाको नाम, पति वा पत्निको नाम** लगायतका विवरणमा रहेका त्रुटि सच्चाउने तथा नाम हटाउने कार्य विशेष कार्यक्रममा संचालन भएको केन्द्रवाट नहुने हुँदा सो कार्यका लागि जिल्ला निर्वाचन कार्यालय, मंगलाघाट म्याग्दीमा सम्पर्क गर्न समेत जानकारी गराइन्छ ।

तपशिल

**मितिः- २०७८ मंशिर २९ गते देखि २०७८/०९/०९**

**समयः- विहान १०.०० वजे देखि वेलुका ४.०० वजे सम्म (सार्वजानिक विदाको दिनमा समेत)**

**स्थानः- मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वावियाचौर, म्याग्दी**

मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि चाहिने आवश्यक कागजातहरुः

१. नेपाली नागरिकताको सक्कल प्रति र स्वयं व्यक्ति उपस्थित हुनु पर्ने ।

२. विवाह भइ आएको हकमा विवाह दर्ताको प्रतिलिपी ।

३. वसाई सरी आएको हकमा वसाईसराई प्रमाणपत्रको प्रतिलिपी ।

सम्पर्क नं.

मनोहर ढुङ्गना, प्रमुख प्रशासकीय अधिकृतः- ९८५७६४२६४२

राजेन्द्र आचार्य, निर्वाचन सम्पर्क व्यक्तिः- ९८५७६४२९४२

..................
(मनोहर ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत